नलगाड नगरपालिका

# नलगाड राजपत्र

खण्ड : १ | संख्या : १ | चैत्र २५, २०७४

## भाग-४

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालयको
सूचना

## नलगाड नगरपालिकाको स्थानीय कानून निर्माणको परामर्श सेवा शुल्क सम्बन्धी मापदण्ड, २०७४

सम्वत् २०७४ सालको मापदण्ड नं. १

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको अधिकार कार्यान्वयन गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७) तथा दफा १०२ (२) बमोजिम नलगाड नगरपालिकाको कार्यपालिकीय, व्यवस्थापकीय तथा न्यायिक जिम्मेवारी सम्पादनका लागि आवश्यक स्थानीय कानूनहरु (ऐन, नियमावली, मापदण्ड, संहिता, आचार संहिता, निर्देशिका, कार्यविधि समेत) निर्माण गर्ने कार्यका लागि परामर्श

लिन अपरिहार्य भएको र पारिश्रमिक तथा सेवा सुविधा निर्धारण गर्न आवश्यक भएकाले नलगाड नगरपालिकाको प्रशासकीय (कार्यविधि) नियमित गर्न बनेको ऐन, २०७४ को दफा ४ अनुसार नगर कार्यपालिकाबाट स्थानीय कानून निर्माणको परामर्श सेवा शुल्क सम्बन्धी मापदण्ड, २०७४ स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "नलगाड नगरपालिकाको स्थानीय कानून निर्माणको परामर्श सेवा शुल्क सम्बन्धी मापदण्ड, २०७४" रहेको छ ।

(२) यो मापदण्ड तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा उल्लेखित :

(क) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम शासनका तीन तह मध्ये एक स्थानीय तह सम्झनु पर्छ ।

(ख) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले नलगाड नगरपालिका सम्झनु पर्छ ।

(ङ) "नगर सभा" भन्नाले नलगाड नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(च) "नगर कार्यपालिका" भन्नाले नलगाड नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(छ) "मापदण्ड" भन्नाले "नलगाड नगरपालिकाको स्थानीय कानून निर्माणको परामर्श सेवा शुल्क सम्बन्धी मापदण्ड, २०७४ लाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नलगाड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

३. **मापदण्डको उद्देश्य :** (१) नगरपालिकाका सबै स्थानीय कानून उद्देश्यमूलक र जवाफदेहीपूर्ण रुपमा निर्माण गर्ने पद्धति स्थापित गर्ने ।

(२) नगरपालिकाका कानून निर्माण प्रक्रियालाई सरलीकृत गर्दै कार्यान्वयनमा सहजीकरण गर्ने ।

(३) स्थानीय स्तरमा निर्माण गरिने कानूनको गुणस्तर सुनिश्चित गर्न सहयोग गर्ने ।

४. **मापदण्डको कार्य क्षेत्र :** नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गर्दै नलगाड नगरपालिकाको व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न आवश्यक हुने सबै प्रकारका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, नीति, योजना, मार्ग निर्देशिका, संहिता, आचार संहिता जस्ता कानून निर्माणका लागि आवश्यक परामर्श सेवा खरिद गरी कार्य सम्पादन गर्न गराउन आवश्यक सेवा, सुविधा, पारिश्रमिक निर्धारण र व्यवस्थापन गर्नु यस मापदण्डको कार्य क्षेत्र हुनेछ ।

## परिच्छेद-२
## परामर्श सेवा लिने

५. **परामर्श सेवा लिन सक्ने :** (१) यस नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा लागु हुने स्थानीय कानून निर्माणका लागि परामर्शदाताको सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) अनुसारको सेवा लिन प्रचलित कानून अनुसार नगरपालिकाले कार्य शर्त सहित सोझै सम्झौता गर्न सक्नेछ ।

(३) माथि उल्लेखित उपदफा (१) र (२) अनुसारको सेवा लिन नगर सभाबाट बजेट स्वीकृत भएको हुनु पर्नेछ ।

(४) उप दफा (१), (२) र (३) अनुसारको सेवा खरिदमा प्रचलित कानून अनुसारको

कर कट्टी गर्नु पर्नेछ ।

६. **परामर्श सेवाको शुल्क :** (१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा लागु हुने स्थानीय कानून निर्माणका लागि अनुसूची-१ मा उल्लेखित दरमा सेवा शुल्क खरिद गर्न सक्नेछ ।

तर दफावार छलफल गर्नुपर्ने स्थानीय कानुनको हकमा यो मापदण्ड लागु हुने छैन ।

(२) परामर्श शुल्कमा विधायन समितिको बैठक खर्च र सन्दर्भ सामग्री तथा संचार समेत समावेश गरिनेछ ।

## परिच्छेद-३
## गुणस्तर सुनिश्चितता

७. **गुणस्तर सुनिश्चित गर्ने :** (१) परामर्शदाताबाट तयार भएका कानूनका मस्यौदा तयारीका क्रममा निम्न पक्षमा नगर प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य, नगर सभा सदस्य, विषयगत समिति, शाखा, उपशाखा, इकाई वा अन्य पदाधिकारीहरुले निम्न पक्षमा गुणस्तर सुनिश्चितताका लागि विशेष पहल गर्नु पर्नेछ ।

(क) प्रचलित कानून र वर्तमान सन्दर्भ संगको अनुसार तादाम्यता रहेको वा स्थानीय अवस्था र आवश्यकताको विश्लेषण र विशेषताको सम्बोधन

(ख) स्थानीय अवस्था र आवश्यकताको विश्लेषण र विशेषताको सम्बोधन भए नभएको

(२) परामर्शदातालाई उपदफा (१) मा उल्लेखित पदाधिकारीहरुले पृष्ठपोषण उपलब्ध गराउनु पर्नेछ र परामर्शदाताले आवश्यक पृष्ठपोषण ग्रहण गर्नु पर्नेछ ।

(३) परामर्शदाताले कानूनका मस्यौदा तयार गर्दा उपयुक्त सन्दर्भ सामग्री अध्ययन र समायोजनका साथै सरोकारवालाहरु संग प्रत्यक्ष वा अप्रत्यक्ष सल्लाह ग्रहण गर्नु पर्नेछ ।

## परिच्छेद-४

## विविध

८. **व्याख्या गर्न सक्ने :** यो मापदण्ड कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आवश्यकता अनुसार मापदण्डको व्याख्या गर्न सक्नेछ ।

९. **थपघट वा हेरफेर गर्न सक्ने :** यो मापदण्ड कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गरी थप घट गर्न वा हेरफेर गर्न सक्नेछ ।

१०.**यसै बमोजिम हुने :** यस मापदण्डमा उल्लेख भएकोमा यस कार्यविधि बमोजिम हुनेछ र यसमा उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

११. **बचाऊ :** नगरपालिकाबाट साबिकमा प्रचलित कानून अन्तर्गत कानून निर्माणका लागि परामर्श सेवा खरिद गर्ने विषयमा भए गरेका काम कारवाहीहरू यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

१२.**अमान्य हुने :** यो मापदण्डका कुनै प्रावधानहरू प्रचलित संघीय र प्रादेशिक कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसूची १

(मापदण्डको दफा ६ को उपदफा (१) संग सम्बन्धित)

| क्र.स | कानुनको प्रकार | पेज | स्वीकृत दर | समाविष्ट खर्च क्षेत्र | कै. |
|---|---|---|---|---|---|
| १ | **ऐन निर्माण** | | | | |
| १.१ | | १० पाना सम्म | ३०,००० | सन्दर्भ सामग्री अध्ययन र विश्लेषण, मस्यौदा तयारी, बैठक भत्ता, अवस्था विश्लेषण, कम्प्यूटर टाइप, सेटिङ्ग र छपाई, सूचना तथा सञ्चार खर्च | |
| १.२ | | १० पाना भन्दा माथि | ३५,००० | माथि उल्लेखित नै | |
| २ | **नियमावली निर्माण** | | | | |
| २.१ | | १० पाना सम्म | २५,००० | सन्दर्भ सामग्री अध्ययन र विश्लेषण, मस्यौदा तयारी, बैठक भत्ता, अवस्था विश्लेषण, कम्प्यूटर टाइप, सेटिङ्ग र छपाई, सूचना तथा सञ्चार खर्च | |
| २.२ | | १० पाना भन्दा माथि | ३०,००० | माथि उल्लेखित नै | |
| ३ | **निर्देशिका, कार्यविधि, मापदण्ड निर्माण** | | | | |
| ३.१ | | १० पाना सम्म | २०,००० | सन्दर्भ सामग्री अध्ययन र विश्लेषण, मस्यौदा तयारी, बैठक भत्ता, अवस्था विश्लेषण, कम्प्यूटर टाइप, सेटिङ्ग र छपाई, सूचना तथा सञ्चार खर्च | |
| ३.२ | | १० पाना भन्दा माथि | २५,००० | माथि उल्लेखित नै | |
| ४ | **अन्य शीर्षक वा नामका कानून निर्माण** | | | | |
| ४.१ | | १० पाना सम्म | १२,००० | सन्दर्भ सामग्री अध्ययन र विश्लेषण, मस्यौदा तयारी, बैठक भत्ता, अवस्था विश्लेषण, कम्प्यूटर टाइप, सेटिङ्ग र छपाई, सूचना तथा सञ्चार खर्च | |
| ४.२ | | १० पाना भन्दा माथि | १८,००० | माथि उल्लेखित नै | |